**सर्वोच्च अदालत, एक न्यायाधीशको इजलाश**
**माननीय न्यायाधीश श्री कमलनारायण दास**
**आदेश**

**सम्बत २०६८-RE-०२३०**

**बिषयः- दरपीठ आदेश बदर गरी पाऊँ ।**

प्रधानमन्त्री डा. बाबुराम भट्टराई, प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, सिंहदरबार, काठमाडौं ------------------------------------------ १ } निवेदक

**बिरुद्ध**

काठमाडौं जिल्ला, का.म.न.पा., वडा नं. ३४ बस्ने भरतमणी जंगम ----------- १
ऐ. ऐ. वडा नं. ३२ बस्ने अधिवक्ता बालकृष्ण नेउपाने -------------------- १ } बिपक्षी

**सम्बत २०६८-RE-०२३१**

**बिषयः- दरपीठ आदेश बदर गरी पाऊँ ।**

व्यवस्थापिका-संसदका सभामुख सुवासचन्द्र नेम्वाङ्ग, संविधान सभा सचिवालय, सिंहदरबार, काठमाडौं ------------------------------------------ १ } निवेदक

**बिरुद्ध**

काठमाडौं जिल्ला, का.म.न.पा., वडा नं. ३४ बस्ने भरतमणी जंगम ----------- १
ऐ. ऐ. वडा नं. ३२ बस्ने अधिवक्ता बालकृष्ण नेउपाने -------------------- १ } बिपक्षी

**मुद्दाः-उत्प्रेषण समेत ।**

सर्वोच्च अदालत, सह-रजिष्ट्रार के,

यसमा न्याय प्रशासन ऐन, २०४८ को दफा ११(१)(ख) अन्तर्गत सर्वोच्च अदालत, विशेष इजलाशबाट मिति २०६८।८।९ मा निवेदक भरतमणि जङ्गम वि. राष्ट्रपतिको कार्यालय समेत भएको रीट

नं. ०६८-WS-००१४ को नेपालको अन्तरीम संविधान, २०६३ को दशौं संशोधन बदर घोषित गरी पाऊँ भन्ने याचिकामा सर्वोच्च अदालतको पाँच सदस्यीय विशेष इजलाशबाट भएको आदेशलाई पुनरावलोकन गरी पाउँ भनी प्रधानमन्त्री डा. बाबुराम भट्टराई र सभामुख सुवाषचन्द्र नेम्वाङको तर्फबाट परेको निवेदन सर्वोच्च अदालतका सह-रजिष्ट्रार नहकुल सुवेदीबाट मु. ऐ., अ. बं. २७ नं. र सर्वोच्च अदालत नियमावली, २०४९ को नियम २७(२) बमोजिम दरपीठ भए उपर ऐ. नियम १५(३) अन्तर्गत निवेदन परी यस इजलाश समक्ष पेश भएको देखियो ।

निवेदक प्रधानमन्त्री डा. बाबुराम भट्टराई तथा व्यवस्थापिका संसदका सभामुख सुबासचन्द्र नेम्वाङ्का तर्फबाट इजलास समक्ष उपस्थित हुनु भएका नेपालका विद्वान महान्यायाधिवक्ता श्री मुक्ति नारायण प्रधान, विद्वान नायव महान्यायाधिवक्ताहरु श्री पुष्पराज कोइराला, श्री सूर्यराज कोइराला, विद्वान सह-न्यायाधिवक्ताहरु श्री महेश शर्मा पौडेल, श्री किरण पौडेल र विद्वान उप-न्यायाधिवक्ता श्री धर्मप्रसाद पौडेलले गर्नुभएको बहस जिकिरका साथै प्रधानमन्त्री डा. बाबुराम भट्टराईका तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ताहरु श्री बोर्ण वहादुर कार्की, श्री चण्डेश्वर श्रेष्ठ, श्री रामनारायण बिडारी र श्री विश्वप्रकाश भण्डारीले गर्नुभएको बहस जिकिर सुनियो ।

निवेदनपत्र र बहस जिकिरबाट मूलतः निम्नकुराहरुमा निर्णय गर्नुपर्ने देखियो ।

(१) सर्वोच्च अदालतको सह-रजिष्ट्रारलाई सर्वोच्च अदालत नियमावली, २०४९ को नियम २७(२) अन्तर्गत दरपीठ गर्न ऐ. नियम १६ अन्तर्गत अधिकार प्रत्यायोजन भएको छ, छैन ?

(२) सर्वोच्च अदालत नियमावली, २०४९ को नियम २७(२) अन्तर्गत दरपीठ गरिएको आदेश कानून बमोजिम दरपीठ गरिएको हो, होइन ?

(३) निवेदक आन्तरिक राजस्व कार्यालय, भरतपुर विरुद्ध मोहनलक्ष्मी मास्के भएको रीट याचिकामा पूर्ण इजलाशबाट भएको आदेशमा प्रदान गरिएको पुनरावलोकन निस्सा प्रस्तुत सन्दर्भमा प्रासंगिक छ, छैन ?

सर्वप्रथम् सह-रजिष्ट्रारको अधिकार सम्बन्धमा बिचार गर्दा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम १६ मा रजिष्ट्रारले आफुलाई प्राप्त अधिकार मध्ये कुनै अधिकार लिखितरुपमा सह-रजिष्ट्रार, उप-रजिष्ट्रार, शाँखा प्रमुख वा अदालतको कुनै अधिकृतलाई सुम्पन सक्ने कानूनी व्यवस्था भईरहेको पाइन्छ । ऐ. नियम २७ को उपनियम (२) मा लिखतमा रीत नपुगेको वा कानून विपरीत देखिएमा सो कुरा स्पष्टरुपमा उल्लेख गरी लिखतको पहिलो पृष्ठको पछाडी पट्टीको शिरमा दरपीठ भएको छ भन्ने समेतको व्यहोरा जनाई रजिष्ट्रार वा निजले अधिकार सुम्पेको अधिकृतको दस्तखत र छाप लगाई छुट्टै

कागजमा दरपीठको व्यहोरा उल्लेख गरी सोमा समेत दस्तखत गरी अदालतको छाप लगाई एकप्रति सम्बन्धित पक्षलाई फिर्ता दिनुपर्ने प्रावधान भएकोबाट दरपीठ गर्ने अधिकार रजिष्ट्रार वा निजले ऐ. नियम १६ अन्तर्गत अधिकार प्रत्यायोजन गरेको सह-रजिष्ट्रारमा रहने कुरामा कुनै द्विविधा देखिएन । जहाँसम्म प्रस्तुत निवेदनपत्रमा सह-रजिष्ट्रारको दरपीठ गर्ने अधिकारक्षेत्र सम्बन्धमा प्रश्न उठाईएकोमा कैफियत प्रतिवेदन पेश गर्दा सो सम्बन्धमा सम्बोधन नभएको र दरपीठको आदेशमा समेत सह-रजिष्ट्रारले अधिकार प्रत्यायोजन सम्बन्धमा उल्लेख नगरेको भन्ने निवेदन र बहस जिकिरको प्रश्न छ,त्यस तर्फ हेर्दा मिति २०६८।१२।२१ को आदेशानुसार सर्वोच्च अदालतका रजिष्ट्रारले ऐ. नियम १६ अन्तर्गत सह-रजिष्ट्रारलाई मिति २०६८।६।२ मा आफ्नो अधिकार प्रत्यायोजन गरेको अभिलेख मिसिल सामेल गरेको देखिएको हुँदा सह-रजिष्ट्रारलाई ऐ. नियम १६ अन्तर्गत अधिकार प्रत्यायोजन भएकै देखिंदा प्रत्यायोजित अधिकारको परिधि भित्र रहि सह-रजिष्ट्रारले दरपीठ गरेको कार्यलाई दरपीठको आदेश वा प्रतिवेदनमा अधिकार प्रत्यायोजनको कुरा उल्लेख नभएकै कारणबाट अधिकारक्षेत्रको अभावमा दरपीठ भएको भन्न मिलेन । रजिष्ट्रारबाट सह-रजिष्ट्रारलाई रीतपूर्वक अधिकार प्रत्यायोजन भएकोले अधिकारप्राप्त अधिकारीबाट दरपीठ भएकोले सोमा अधिकार क्षेत्रात्मक त्रुटी देखिएन ।

निवेदक तर्फबाट उपस्थित महा-न्यायाधिवक्ता, वरिष्ठ न्यायाधिवक्ता, सह र उप-न्यायाधिवक्ताहरु र विद्वान कानून व्यवसायीहरुले पुनरावलोकन गर्नुपर्ने औचित्य र कारण सम्बन्धमा समेत बहस प्रस्तुत गर्नु भएको पाइयो । प्रस्तुत इजलास सह-रजिष्ट्रारको दरपीठसंग सम्बद्ध प्रश्नमा विचार गर्न गठन भएकोले पुनरावलोकनको औचित्य, कारण र बिषयवस्तु भित्र प्रवेश गर्ने अवस्था अहिले देखिएन । सह-रजिष्ट्रारको दरपीठ आदेशको कानूनी संपरिक्षण भित्र सिमित रहनु पर्ने देखियो ।

निवेदक तर्फबाट सर्वोच्च अदालत नियमावली, २०४९ को नियम २७ को उप-नियम (२) मा लिखत रीत नपुगेको वा कानून विपरीत देखिएको स्थितिमा दरपीठ हुन सक्ने हो, सो परिधि बाहिर गई दरपीठ गर्न मिल्दैन भन्ने जिकिर रहेको छ । ऐ. नियम ५३ ले पुरावलोकनको निवेदन दिंदा पुऱ्याउनु पर्ने रीत सम्बन्धी व्यवस्था गरेको हुनाले सो मध्ये कुन रीत नपुगेको हो सो कुरा दरपीठ आदेशमा खुल्दैन, कानूनको विपरीतता सम्बन्धी प्रश्न उठाइएको छैन, नजीरलाई प्रश्न बनाई दरपीठ गर्ने अधिकार कानूनले दिएको छैन भन्ने जिकिर लिइएको पाइयो । यस सम्बन्धमा सर्वप्रथम नेपालको अन्तरीम संविधान, २०६३ को धारा १०७ को उपधारा (४) मा पुनरावलोकन सम्बन्धमा व्यवस्था भएकोले सो उप-धाराका व्यवस्थालाई अवलोकन गर्नु पर्ने देखियो । ऐ. उप-धारा (४) मा सर्वोच्च अदालतले कानूनद्वारा तोकिएका अवस्था र सर्तमा आफ्नो फैसला वा अन्तिम आदेशको पुनरावलोकन गर्न सक्ने प्रावधान रहेको देखिन्छ ।

यस उप-धाराको कार्यान्वयनहेतु न्याय प्रशासन ऐन, २०४८ को दफा ११(१) मा सर्वोच्च अदालतले आफ्नो फैसला वा अन्तिम आदेश भएको मुद्दामा इन्साफमा तात्विक असर पर्ने किसिमको कुनै प्रमाण रहेको तथ्य मुद्दा किनारा भएपछि मात्र सम्बन्धितपक्षलाई थाहा भएको देखिएमा वा सर्वोच्च अदालतबाट स्थापित नजीर वा कानूनी सिद्धान्तको प्रतिकूल निर्णय भएको देखिएमा पुनरावलोकन गर्न सक्ने प्रावधान छ। निवेदकको पुनरावलोकन गर्ने निवेदन ऐ. दफा ११(१)(ख) अन्तर्गत परेको देखियो। ऐ. संविधानको धारा ११६ को उप-धारा (२) मा मुद्दा मामिलाका रोहमा सर्वोच्च अदालतले गरेको कानूनको व्याख्या वा प्रतिपादन गरेको कानुनी सिद्धान्त नेपाल सरकार तथा सबै अड्डा अदालतहरुले मान्नु पर्ने बाध्यात्मक संवैधानिक व्यवस्था भईरहेको पाइन्छ। सर्वोच्च अदालतबाट 'प्रतिपादित कानूनी' सिद्धान्त निवेदकहरु, सर्वोच्च अदालत र यसका अधिकारीहरुका निमित्त समेत समान रुपले बन्धनकारी रहेको र सबैपक्षले मान्नु पर्ने संवैधानिक दायित्व समेत रहेको छ। ऐ. संविधानको धारा १०७ को उप-धारा (१) अन्तर्गत परेको रीट निवेदन सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४ को उप-नियम (१) को देहाय (ग) अन्तर्गत विशेष इजलाशबाट सुनवाही हुने प्रावधान अन्तर्गत रीट नं. ०६८-WS-००१४ को निवेदनपत्रको सुनवाही ५ जना न्यायाधीशहरुको विशेष इजलाशबाट भएको देखिन्छ। रीट निवेदक अधिवक्ता प्रकाशमणि शर्मा समेत विरुद्ध गुठी संस्थान भएको उत्प्रेषण मुद्दामा ऐ. नियम ४ को उप-नियम (१) को देहाय (ग) अन्तर्गत गठित विशेष इजलाशबाट मिति २०६४।१०।१० मा अन्तिम आदेश भएको थियो। सो आदेशलाई न्याय प्रशासन ऐन, २०४८ को दफा ११ को उपदफा (१) को देहाय (ख) अन्तर्गत पुनरावलोकन गरी पाउँ भनी गुठी संस्थानको हकमा र आफ्नो हकमा समेत ऐ. का प्रशासक सेमन्तराज चापागांईले चढाएको २०६५-RV-०११८ को निवेदनपत्रमा सर्वोच्च अदालत, पूर्ण इजलाशबाट सुनवाही हुँदा विशेष इजलाशमा पूर्ण इजलाश जस्तै विशिष्ट प्रक्रिया निर्धारण गरिएको र विशेष इजलास समक्ष पेश भएका मुद्दामा विवादित विषयका सबैपक्षमा वृहतरुपमा छलफल भई निष्कर्षमा पुगिने हुँदा त्यस्तो विशेष प्रकृतिको इजलाशबाट भएको निर्णय न्याय प्रशासन ऐन, २०४८ को दफा ११(१) ले निश्चित गरेको पुनरावलोकनको विषय भित्र नसमेटिने भनी मिति २०६६।३।२२।२ मा सिद्धान्त प्रतिपादित भई सकेको देखिन्छ। सर्वोच्च अदालत, पूर्ण इजलासद्वारा प्रतिपादित ऐ. सिद्धान्त अहिले सम्म परिवर्तन नभई कायम रहेको र सोमा असहमति जनाउने कुनै औचित्य, कारण र आधार रहेको पाइएन। सर्वोच्च अदालतको १४ न्यायाधीशहरुको फूलबेन्चबाट मिति २०३०।५।२६ मा मुनीलाल गोल्छा माडवारी विरुद्ध धनचन्द्र राई समेत (ने.का.प २०३०, नि. नं. ७७७, पृ. सं. ३०२, फु.वे.) को मुद्दामा अदालतले गरेको निर्णयहरुबाट निश्चितरुपमा स्थापित भई सकेको कानूनी सिद्धान्त आफै पनि कानून सरह हुने भनी

न्यायिक सिद्धान्त प्रतिपादित भएको देखिन्छ । २०६५-RV-०११८ को निवेदनमा विशेष इजलाशबाट भएको आदेश न्याय प्रशासन ऐन, २०४८ को दफा ११(१)(ख) अनुसार पुनरावलोकन हुन नसक्ने भनी प्रतिपादित सिद्धान्त कानून सरह मान्यता प्राप्त गर्ने कुरामा द्विविधा देखिएन । यस बाहेक नेपालको अन्तरीम संविधान, २०६३ को आठौं संशोधन विरुद्ध अधिवक्ता विजयराज शाक्य समेतले यीनै प्रतिरक्षीहरु समेत विरुद्ध दायर गरेको रीट नं. २०६६-WS-००५० को उत्प्रेषण निवेदनमा सर्वोच्च अदालतको विशेष इजलाशबाट मिति २०६७।७।१८ मा भएको आदेशलाई पुनरावलोकन गरी पाउँ भनी विजयराज शाक्य समेतले दिएको निवेदन सर्वोच्च अदालत, सह-रजिष्ट्रारबाट मिति २०६७।१२।७ मा दरपीठ भए उपर सम्बत २०६७-RE-०१७७ को प्रतिवेदनमा समेत मिति २०६८।१।९।६ मा विशेष इजलाशको फैसला पुनरावलोकन नहुने भनी २०६५-RV-०११८ को मुद्दामा प्रतिपादित सिद्धान्तको पृष्ठभूमीमा दरपीठ गरेको सह-रजिष्ट्रारको आदेश बदर नहुने भनी सर्वोच्च अदालत एक न्यायाधीशको इजलाशबाट आदेश भएको देखियो । संविधानको आठौं संशोधन विरुद्ध परेको उक्त निवेदनपत्रका सम्बन्धमा विशेष इजलाशबाट भएको आदेश र संविधानको दशौं संशोधन विरुद्ध परेको प्रस्तुत रीट निवेदनमा विशेष इजलाशबाट भएको आदेशमा कुनै मौलिक अन्तर देखिएको छैन । दुबै पुनरावलोकन गरी पाउँ भन्ने निवेदनमा न्याय प्रशासन ऐन, २०४८ को दफा ११(१)(ख) कै कानूनी व्यवस्थालाई अवलम्बन गरेकोले समान अवस्थाको देखियो । प्रतिवादी विजयराज शाक्य समेत भएको विशेष इजलाशको आदेश पुनरावलोकन गर्ने बिषय नभएको भनी निजको निवदेन दरपीठ हुने, तर, प्रस्तुत समानस्थितिको निवेदन दर्ता हुनुपर्ने कुनै छुट्टै मौलक कारण देखिंदैन । कानून सरहका प्रतिपादित सिद्धान्तको विपरीत निवेदकले पुनरावलोकनको निवेदन ल्याएको हुनाले सर्वोच्च अदालत नियमावली, २०४९ को नियम २७(२) को दोश्रो अवस्था भित्र परेको देखियो । पुनरावेदन, निवेदन दर्तागर्ने अधिकारीले प्रचलित कानून र कानून सरहका प्रतिपादित स्थापित सिद्धान्तले निर्देश गरेको परिधि भित्र रही दर्ता र दरपीठ गर्ने कर्तब्य भएको र तद्नुरुप सर्वोच्च अदालतका सह-रजिष्ट्रारले दुबै निवेदनपत्रहरु दरपीठ गरेकोलाई कानून विपरीत दरपीठ गरेको भन्ने वैद्य र वस्तुनिष्ठ आधार नदेखिएकोले सोलाई परिवर्तन गरी राख्नु परेन ।

जहाँसम्म निवेदक आन्तरीक राजस्व कार्यालय, भरतपुर विरुद्ध मोहनलक्ष्मी मास्के भएको पु. नि. नं. २०६६-RV-०४९२, २०६७-RV-०१९५ र २०६७-RV-०१९६ को उत्प्रेषण मुद्दामा पुनरावलोकनको निस्सा भएको प्रश्न छ त्यसको हकमा हेर्दा सर्वप्रथम सो याचिका न्याय प्रशासन ऐन, २०४८ को दफा ११(२) (ख) को सम्बन्धमा ब्याख्या गर्ने सन्दर्भमा परेको, दोश्रोकुरा ऐ. मुद्दाको अन्तिम आदेश विशेष इजलाशबाट भएको नभई पूर्ण इजलाशबाट भएको र त्यसमा पनि सो निवेदन हाल अदालतको

विचाराधीन नै रहेकोले सो बाट कुनै निश्चित सिद्धान्त कायम भई नसकेकोले त्यसलाई विचार गरी राख्नु पर्ने देखिएन ।

अतः सह-रजिष्ट्रारबाट भएको दरपीठ गर्ने आदेश कानून, ऐ. संविधानको धारा ११६(२) र उल्लेखित प्रतिपादित सिद्धान्त समेतको अधीनमा रही गरिएको आदेश भएकोले सोलाई बदर गरी राख्नु पर्ने कुनै कारण नदेखिएकोले कानून बमोजिम गर्नू ।

न्यायाधीश

ईति सम्वत् २०६८ साल चैत्र १५ गते रोज ४ शुभम् ---------------------------------------------।